नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

## हिमालयन कार्गो तथा बनबोरी माता ट्रेडर्सका मूख्य कारोवारी विनोद कुमार गुप्ता समेतले भन्सार चोरी पैठारी समेत गरी राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन गरेको अभियोगमा ४७ करोड ८९ लाख विगो माग दावी सहित काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०५।०३ गते मुद्दा दायर।

**राजस्व चहावट तर्फः**

हिमालयन कार्गो तथा बनबोरी माता ट्रेडर्सका मूख्य कारोवारी विनोद कुमार गुप्ता, हिमालयन कार्गोका प्रोपाईटर मधुकुमारी चौधरी,, बनबोरीमाता ट्रेडर्सका संचालक रविन्द्र गुप्ता, बनबोरीमाता ट्रेडर्सका खाता संचालक एवं कारोवारी राहुल कुमार गुप्ता एवं भि.आर. ईन्टरनेशनलका संचालक विरेन्द्र गुप्ता समेतले बनबोरीमाता ट्रेडर्स प्रा.लि. तथा भि.आर. ईन्टरनेशनलको कारोवारको संचालन तथा व्यवस्थापन हिमालयन कार्गो मार्फत नेपालगंजबाट भन्सार चोरी पैठारी गरी भन्सार महशुल, मू.अ.कर तथा आयकर राजस्व छलि गरेको देखिएको। साथै निजहरुले आपसी मिलेमतोमा संचालक रोहित अग्रवाल रहेको अमरपाली इन्टरनेशनल (स्थायी लेखा नं ६०६८०५८३८), रेयाजुल अन्सारी प्रोपाईटर रहेको एन.आई.सि.आई ट्रेडर्स (स्थायी लेखा नं ६०७२७६६८६), बृजलाल रावत प्रोपाईटर रहेको पि.जी इम्पोर्ट हाउस (स्थायी लेखा नं ६०६९९१५७९), शिवराज भट्टराई प्रोपाईटर रहेको मार्को इन्टरनेशनल (स्थायी लेखा नं ६०६९८४१९९), रोहित अग्रवाल संचालक रहेको श्याम ट्रेडिङ्ग प्रा.लि. (स्थायी लेखा नं ६०५९२४१८५), इश्वर दयाल हजार दुशाध प्रोपाईटर रहेको महादेव ट्रेड इन्टरप्राइजेज (स्थायी लेखा नं. ६०६२४००५९) नामक फर्महरु उल्लेखित व्यक्तिहरुका नाममा दर्ता गरी/गराई उक्त फर्महरुको कारोवार हिमालयन कार्गो मार्फत गरी उक्त फर्महरुको नामबाट मालबस्तु आयात तथा विक्री गरी मु.अ.कर विवरणमा नदेखाई तथा आय विवरण नबुझाई कारोवार गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित गरेको कार्य गरी सोही ऐनको दफा ४ को (क), (ख), (ग), (च) र (छ) बमोजिमको कसूरजन्य कार्य गरी संलग्न विगो गणना तालिका अनुसारको बनबोरीमाता ट्रेडर्स प्रा.लि. (स्थायी लेखा नं. ६०४३४८३६२) समेतका उल्लेखित सम्पूर्ण फर्महरुले भन्सार महशुल तर्फको विगो रु. १४,९९,८०,४६९।-, मू.अ.कर तर्फको विगो रु. २१,५७,३६,५६१।- र आयकर तर्फको विगो रु. ९,०६,८६,३२७।- समेत गरी जम्मा राजस्व चुहावटको विगो रु. ४५,६४,०३,३५७।- **(पैतालीस करोड चौसठ्ठी लाख तीन हजार तीनसय सन्ताउन्न रुपैया मात्र)** कायम गरी **प्रतिबादीहरु बिनोद कुमार गुप्ता, मधुकुमारी गुप्ता, रबिन्द्र कुमार गुप्ता, बिरेन्द्र कुमार गुप्ता र राहुल कुमार गुप्ता** सहित ४ जना राष्ट्र सेवक कर्मचारी समेत १५ जना प्रतिवादीबाट

विगो असुलउपर गरी निजहरुलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम सजाय मागदावी गरिएको ।

## विदेशी विनिमय तर्फः

साथै प्रतिवादीहरु **विनोद कुमार गुप्ता, रविन्द्र गुप्ता, विरेन्द्र गुप्ता, राहुल कुमार गुप्ता, मधुकुमारी चौधरी**ले आपसी मिलेमतोमा हिमालयन कार्गोबाट कारोवारको व्यवस्थापन गर्ने गरी बनबोरीमाता ट्रेडर्स प्रा.लि. नामक कम्पनी संचालक रविन्द्र गुप्ताको नाममा बैंक खाता खोली एभरेष्ट बैंकमा उक्त फर्मको खाता संचालक रविन्द्र गुप्ता र राहुल कुमार गुप्ता (विनोद कुमार गुप्ता र मधुकुमारी चौधरीको छोरा) को नामबाट संचालन हुने प्रवन्ध गरी सो बैंकबाट सामान आयातका लागि भारतका विभिन्न कम्पनीहरुलाई मालबस्तु आयात नगरी विदेशी विनिमय अपचलन गरेको देखिएकोले प्रतिवादीहरुले बनबोरी माता ट्रेडर्स प्रा.लि. (स्थायी ले.नं.६०४३४८३६२) मार्फत मालबस्तु आयात गर्ने प्रयोजनार्थ रकम विदेश पठाई सो वापत सामान आयात नगरी ने.रु. २,२४,९९,०१६।- बराबर विदेशी मुद्रा नेपाल बाहिर पुर्याई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को कसूर गरेको देखिदा निजहरु उपर सोही ऐनको दफा १७(१) बमोजिम निजहरुले मालबस्तु आयातका लागि विदेश पठाएको तर मालबस्तु आयात नगरी विदेशी विनिमय अपचलन गरेको **रु. २,२४,९९,०१६।- (अक्षरुपी दुई करोड चौविस लाख उनानसय हजार सोह्र रुपैया मात्र)** लाई नै बिगो कायम गरी बिदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ४(३),(४) तथा ८(१),(३) को कसूरमा प्रतिवादीहरुवाट विगो असुलउपर गरी निजहरुलाई ऐ ऐनको दफा १७(१) बमोजिम विगो बमोजिम जरिवाना देखी विगोको तीन गुणासम्म थप जरिवाना हुन र कसूरको विगो एक करोड भन्दा बढी भएको हुँदा निजहरुलाई ऐ. ऐनको दफा १७(९) बमोजिम कैद सजाय समेत हुन मागदावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०५।०३ गते मुद्दा दर्ता गरिएको ।

# राजस्व चुहावट तर्फ

| सि.नं. | फर्मको नाम | कसूर | भन्सार महशुल | मू.अ.कर | आयकर | जम्मा | संलग्नता |
|---|---|---|---|---|---|---|---|
| १ | बनबोरी माता ट्रेडर्स प्रा.लि. (स्थायी ले. नं. ६०४३४८३६२) | करदाताले मौज्दातमा रहेको सामान विना विलविजक विक्री गरी राजस्व छलि गरेको | ० | ४६०६२८ | २६८७७८ | ७२९४०६ | विनोद कुमार गुप्ता<br>रविन्द्र गुप्ता<br>मधुकुमारी चौधरी<br>राहुल कुमार गुप्ता<br>विरेन्द्र गुप्ता |
| | | यस विभागमा प्राप्त भएका २६ थान विक्री विजकबाट विक्री भएको सामान भन्सार चोरी पैठारी गरी नेपाल भित्र्याई विक्री गरी राजस्व छलि गरेको | ३६२६८०८३ | १०६९१७६६ | ६२४७३५९ | ५३२०७२०८ | विनोद कुमार गुप्ता<br>रविन्द्र गुप्ता<br>मधुकुमारी चौधरी<br>राहुल कुमार गुप्ता<br>विरेन्द्र गुप्ता |
| | | बनबोरी माता ट्रेडर्सको एभरेष्ट बैक लिमिटेडको खाता नं ०३७००१०५२००५२८ मा सन् २०१८ जनवरी २४ देखि सन् २०१८ जुलाई १ सम्म जम्मा भएको रकम करदाताले जारी गरेको देखिएको तर यस विभागमा प्राप्त नभएका १३६ थान विक्रीविजकबाट भन्सार चोरी पैठारी गरी विक्री गरी प्राप्त भएको रकम भएको। | ३७१९९०७१ | १०९५६७८२ | ६४०७७२६ | ५४५६३५७९ | विनोद कुमार गुप्ता<br>रविन्द्र गुप्ता<br>मधुकुमारी चौधरी<br>राहुल कुमार गुप्ता<br>बिरेन्द्र गुप्ता |
| | | करदाताले आयात गरेको भन्सार विभागको अभिलेखमा देखिएको तर सो अनुसार मूकर .अ. विवरण र आय विवरण पेश नगरी राजस्व छलि गरेको | ० | २५७०१२० | १५०९७९३ | ४०७९९१३ | विनोद कुमार गुप्ता<br>रविन्द्र गुप्ता<br>मधुकुमारी चौधरी<br>राहुल कुमार गुप्ता<br>विरेन्द्र गुप्ता |
| | | ना.७.ख. १७ नं. को गाडीबाट एम-१५३१५ को नक्कली प्रज्ञापनपत्र प्रयोग गरी १०००० किलो धुलो दुध चोरी पैठारी गरी बिक्री गरेको | ५३८१०४० | २२९७८१५ | १३५३१९८ | ९०३२०५३ | विनोद कुमार गुप्ता<br>रविन्द्र गुप्ता<br>मधुकुमारी चौधरी<br>राहुल कुमार गुप्ता<br>विरेन्द्र गुप्ता |

| सि.नं. | फर्मको नाम | कसूर | भन्सार महशुल | मू.अ.कर | आयकर | जम्मा | संलग्नता |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | बटुकृष्ण अधिकारी, भन्सार अधकृत<br>सुभाष प्रसाद श्रेष्ठ, भन्सार अधकृत<br>देवी बहादूर थापा, नायव सुब्बा<br>बसन्त कुमार सुवेदी, नायव सुब्बा<br>दिनेश कुमार वानिया, भन्सार ऐजेन्ट |
| | | करदाताले नक्कली प्रज्ञापनपत्रको आधारमा नेपालगंज भन्सार कार्यालयबाट मालसामान चोरी पैठारी गरी नेपाल भित्र्याई विक्री वितरण गरेको। | ६६९६५१४८ | २८५९५५०९ | १६८१९५३४ | ११२३८०१९१ | विनोद कुमार गुप्ता<br>रविन्द्र गुप्ता<br>मधुकुमारी चौधरी<br>राहुल कुमार गुप्ता<br>विरेन्द्र गुप्ता |
| २ | भि.आर इन्टरनेशनल (स्थायी लेखा नं ६०६७५९४९८) | यस विभागमा प्राप्त भएका २ थान विक्री विजकबाट विक्री भएको सामान भन्सार चोरी पैठारी गरी नेपाल भित्र्याई विक्री गरी राजस्व छलि गरेको | ४१६७१२७ | १२४१४५७ | ७१७८०९ | ६१२६३९३ | विनोद कुमार गुप्ता<br>रविन्द्र गुप्ता<br>मधुकुमारी चौधरी<br>राहुल कुमार गुप्ता<br>विरेन्द्र गुप्ता |
| ३ | अमरपाली इन्टरनेशनल (स्थायी लेखा नं ६०६८०५८३८) | करदाताले आयात गरेको भन्सार विभागको अभिलेखमा देखिएको तर सो अनुसार मूकर .अ. विवरण र आय विवरण पेश नगरी राजस्व छलि गरेको | ० | २७५०९३२ | ८१४१०४ | ३५६५०३६ | मूख्य कारोवारी विनोद कुमार गुप्ता, विरेन्द्र गुप्ता, रविन्द्र गुप्ता, राहुल कुमार गुप्ता, हिमालयन कार्गोकी प्रोपाईटर मधुकुमारी चौधरी र फर्मका संचालक रोहित अग्रवाल |
| ४ | एन.आई.सि.आई ट्रेडर्स(स्थायी लेखा नं ६०७२७६६८६) | करदाताले आयात गरेको भन्सार विभागको अभिलेखमा देखिएको तर सो अनुसार मूकर .अ. विवरण र आय विवरण पेश नगरी राजस्व छलि गरेको | ० | १०५२०७२६ | ३५७२९९७ | १४०९३७२३ | मूख्य कारोवारी विनोद कुमार गुप्ता, विरेन्द्र गुप्ता, रविन्द्र गुप्ता, राहुल कुमार गुप्ता, हिमालयन कार्गोकी प्रोपाईटर मधुकुमारी चौधरी र फर्मका संचालक रेयाजुल अन्सारी |
| ५ | पि.जी इम्पोर्ट हाउस (स्थायी लेखा नं ६०६९९१५७९) | करदाताले आयात गरेको भन्सार विभागको अभिलेखमा देखिएको तर सो अनुसार मू कर.अ. विवरण र आय विवरण पेश नगरी राजस्व छलि | ० | ४५६९२५६२ | १८१४००३९ | ६३८३२६०१ | मूख्य कारोवारी विनोद कुमार गुप्ता, विरेन्द्र गुप्ता, रविन्द्र गुप्ता, राहुल कुमार गुप्ता, हिमालयन कार्गोकी |

| सि.नं. | फर्मको नाम | कसूर | भन्सार महशुल | मू.अ.कर | आयकर | जम्मा | संलग्नता |
|---|---|---|---|---|---|---|---|
| | | गरेको | | | | | प्रोपाईटर मधुकुमारी चौधरी र फर्मका संचालक बृजलाल रावत |
| ६ | मार्को इन्टरनेशनल (स्थायी लेखा नं ६०६९८४१९९) | करदाताले आयात गरेको भन्सार विभागको अभिलेखमा देखिएको तर सो अनुसार मूकर .अ. विवरण र आय विवरण पेश नगरी राजस्व छलि गरेको | ० | २३९४३११६ | ९१३२११९ | ३३०७५२३५ | मुख्य कारोवारी विनोद कुमार गुप्ता, विरेन्द्र गुप्ता, रविन्द्र गुप्ता, राहुल कुमार गुप्ता, हिमालयन कार्गोकी प्रोपाईटर मधुकुमारी चौधरी र फर्मका प्रोपाईटर शिवराज भट्टराई |
| ७ | श्याम ट्रेडिङ्ग प्रा.लि. (स्थायी लेखा नं ६०५९२४१८५) | करदाताले आयात गरेको भन्सार विभागको अभिलेखमा देखिएको तर सो अनुसार मूकर .अ. विवरण र आय विवरण पेश नगरी राजस्व छलि गरेको | ० | ४२२५४८७९ | १२५०४८०४ | ५४७५९६८३ | मुख्य कारोवारी विनोद कुमार गुप्ता, विरेन्द्र गुप्ता, रविन्द्र गुप्ता, राहुल कुमार गुप्ता, हिमालयन कार्गोकी प्रोपाईटर मधुकुमारी चौधरी र फर्मका संचालक रोहित अग्रवाल |
| ८ | महादेव ट्रेड इन्टरप्राइजेज (स्थायी लेखा नं ६०६२४००५९) | करदाताले आयात गरेको भन्सार विभागको अभिलेखमा देखिएको तर सो अनुसार मूकर .अ. विवरण र आय विवरण पेश नगरी राजस्व छलि गरेको | ० | ३३७६०२६९ | १३१९८०६७ | ४६९५८३३६ | मुख्य कारोवारी विनोद कुमार गुप्ता, विरेन्द्र गुप्ता, रविन्द्र गुप्ता, राहुल कुमार गुप्ता, हिमालयन कार्गोकी प्रोपाईटर मधुकुमारी चौधरी र फर्मका प्रोपाईटर ईश्वर देयाल हजारादुशाध |
| | **कुल जम्मा** | | १४९९८०४६९ | २१५७३६५६१ | ९०६८६३२७ | ४५६४०३३५७ | |

## विदेशी विनिमय अपचलन तर्फ

| सि.नं. | फर्मको नाम | कसूर | बिगो रु. | संलग्नता |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | **बनबोरी माता ट्रेडर्स प्रा.लि. (स्थायी ले. नं. ६०४३४८३६२)** | मालवस्तु आयातका लागि बैंकबाट रकम विदेश पठाई मालबस्तु आयात नगरी विदेशी विनिमय अपचलन गरेको। | २२४९९०१६। - | **विनोद कुमार गुप्ता**<br>**रविन्द्र गुप्ता**<br>**मधुकुमारी चौधरी**<br>**राहुल कुमार गुप्ता**<br>**विरेन्द्र गुप्ता** |